# विहादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## विहादी -४, वहाकीठाँटी, पर्वत

## विहादी गाउँ कार्यपालिकाको मिति २०८२।०५।०२ देखि २०८२।०७।१५ सम्मको निर्णय प्रमाणित

## मिति २०८२।०५।०२ गते को निर्णय

**निर्णय नं १ :** प्रदेश लोकसेवा आयोग, गण्डकी प्रदेश, पोखराको च.नं. ६०, मिति २०८२।०४।२१ गतेको सिफारिस पत्रानुसार यस विहादी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा स्थानीय कृषि सेवा, कृषि समुह, अधिकृत सातौँ तह, कृषि अधिकृत पदमा सिफारिस भई आउनुभएका देहाय बमोजिमका कर्मचारीलाई गण्डकी प्रदेश सरकारको स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० को नियम २८ बमोजिम मिति २०८१।०५।०१ गतेदेखि ज्येष्ठता कायम हुने गरि स्थायी नियूक्ति दिने निर्णय गरियो ।

**देहाय :**

| क्र.स. | नाम थर | ठेगाना | सेवा | समूह | तह | पद |
|---|---|---|---|---|---|---|
| १ | साजन लामिछाने | मोदी गा.पा. ६, पर्वत | स्थानीय कृषि | कृषि | सातौँ | कृषि अधिकृत |

**निर्णय नं. २ :** विहादी गाउँपालिकाले निर्माण गरेका कार्यविधिहरुमा भएको व्यवस्था र सुत्र राजश्व मोड्यूलमा गरिएको व्यवस्था फरक पर्न गएकोले विहादी गाउँपालिकाको व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि, २०७७ को तेस्रो पटक संशोधन प्रस्ताव र विहादी गाउँपालिकाको खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७७ मा दोस्रो पटक संशोधन प्रस्ताव स्वीकृत गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :** २०८२ साल भाद्र ३१ गते परेको विश्व ओजनतह बचाउ दिवसको अवसरमा घरपझोङ गाउँपालिका मुस्ताङले आयोजना गरेको जलवायु सम्बन्धी कार्यक्रम विहादी गाउँपालिकाले **"जल, जमिन र जंगल हाम्रो सम्पत्ति, जलवायु सन्तुलन हाम्रो जिम्मेवारी"** भन्ने नाराका साथ मनाउने निर्णय गरियो ।

## मिति २०८२।०६।२३ गते को निर्णय

**निर्णय नं १ :** विहादी गाउँपालिका १ नं. वडाको आर्थिक वर्ष २०८१।०८२ को जस्ता र सिंचाई तथा खानेपानी पाइप खरिद कार्यक्रमको रु ९६,५६१/- अक्षेरुपी छयानब्बे हजार पाँच सय एकसट्ठी रुपैयाँको भूक्तानी असफल भएकाले सो रकम गत आर्थक वर्ष २०८१।०८२ को कर, राजश्व, धरौटी लगायत अनुदान फिर्ता शीर्षकबाट भूक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :** आर्थिक वर्ष २०८२।०८३ को वार्षिक नीति बजेट तथा कार्यक्रम स्वीकृतिको लागि मिति २०८२।०३।२६ मा सम्पन्न विहादी गाउँपालिकाको १७ औं गाउँसभा अधिवेशनको खाना तथा खाजा वापतको रकम भूक्तानी गर्न आर्थिक वर्ष २०८१।०८२ को बजेट भूक्तानी २०८२।०३।२५ गते नै बन्द भएकाले सभा संचालनको रकम रु २६,१००/- अक्षेरुपी छब्बीस हजार एक सय रुपैयाँ मात्र चालु आ.व. २०८२।०८३ को गाउँसभा संचालन खर्च शीर्षकबाट भूक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :** आर्थिक वर्ष २०८१।०८२ मा संचालन भएको राष्ट्पति रनिङ सिल्ड प्रतियोगितामा खर्च भएको रकम मध्ये भूक्तानी हुन बाँकी रहेको रकम रु २,१०,०००/- अक्षेरुपी दुई लाख दश हजार मात्र चालु आर्थिक वर्ष २०८२।०८३ को आ.व. २०८१।०८२ को राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिताको भूक्तानी बाँकी शिर्षकबाट भूक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ४ :** विहादी गाउँपालिका अन्तर्गत पर्ने कालिगण्डकी नदीमा रहेका विभिन्न घाट तथा बगरहरुमा रहेको नदिजन्य पदार्थ ढुंगा, गिट्टी, बालुवा विक्रिको लागि साविकको वातावरणीय अध्ययन प्रतिवेदनको आधारमा प्राविधिक कर्मचारीहरुद्वारा हालको मौजदात परिमाण नापजाँच गरि पेश गरेको प्रतिवेदनको आधारमा ठेक्का प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ५ :** विहादी गाउँपालिका ३ नं. वडा रानीपानीमा चिस्यान केन्द्र निर्माण गर्ने प्रयोजनार्थ निर्माण भएको भवनको जग्गा व्यक्तिको नामबाट विहादी गाउँपालिकाको नाममा नामसारी भईसकेकोले उक्त भवन निर्माणको भूक्तानी हुन बाँकी रकम भूक्तानी गर्ने निर्णय गरियो ।

## मिति २०८२।०७।१५ गते को निर्णय

**निर्णय नं १ :** विहादी गाउँ कार्यपालिकाले यसअघि गरेका निर्णयहरुको कार्यान्वयनको अवस्थाको सम्बन्धमा छलफल गरियो ।

**निर्णय नं २ :** विहादी गाउँपालिकाको विपद् व्यवस्थापन समितिको मिति २०८२।०७।१४ गतेको बैठकबाट आगलागिजन्य विपद्को कारण घर तथा गोठमा पूर्ण क्षति भई निवेदन पेश गरेका व्यक्तिहरुको ठुलो मात्रामा क्षति भई विहादी गाउँपालिकाको विपद् राहत

तथा आर्थिक सहायता व्यवस्थापन कार्यविधि, २०७५ बमोजिमको राहत रकम न्यून भएको भनि थप रहत उपलब्ध गराउन यस विहादी गाउँ कार्यपालिकामा पेश भएकोले देहाय बमोजिमका व्यक्तिहरुलाई कार्यविधिले तोकेको राहत रकम सहित देहाय बमोजिमको रकम उपलब्ध गराउने निर्णय गरियो ।

**<u>देहाय :</u>**

| क्र.स. | व्यक्तिको नाम थर | ठेगाना | उपलब्ध गराउने राहत रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | विकास श्रेष्ठ | विहादी १, बाच्छा | १,००,०००/- | घर तथा गोठमा आगलागिका कारण पूर्ण क्षति भएको तथा गोठमा रहेका ३ वटा पाडा, २ वटा बाख्रा र २ कुखुरा जलेर मरेको । |
| २ | खोवनाथ शर्मा ज्ञवाली | विहादी ३, रानीपानी | २०,०००/- | |
| ३ | राधाकृष्ण न्यौपाने | विहादी ४, वहाकीठाँटी | ३५,०००/- | |

**निर्णय नं. ३ :** मिति २०८२ कार्तिक ११ गते देखि निरन्तर परिरहेको बर्षाका कारण मौसमजन्य विपद् बाट धान बालिमा भएको क्षतिको स्थलगत निरिक्षण गरि यथार्थ विवरण संकलन गर्ने काम भईरहेकोले क्षतिको पूर्ण विवरण संकलन भए पश्चात अर्को कार्यपालिका बैठकको निर्णयानुसार राहत उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ४ :** विहादी गाउँ कार्यपालिकाको कार्यालय परिसरमा ब्याडमिन्टन कोर्ट तथा मञ्च निर्माण गर्नुपर्ने भएकोले प्राविधिक स्टिमेट अनुसार निर्माण गर्ने निर्णय गरियो ।

विहादी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वहाकीठाँटी, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

थमन बहादुर रेश्मी
प्रमुख प्रशासकीय अधिकृत

थमन बहादुर रेश्मी
प्रमुख प्रशासकीय अधिकृत
प्रमाणिकरण मिति : २०८२।०७।१७